नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

नयाँ बानेश्वर, काठमाडौं

## सन्दर्भ ब्याजदर सम्बन्धमा सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको सूचना ।

सहकारी संस्थाको लागि साविकमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत कायम गर्न सिफारिस गरेको हुँदा मिति २०८३ साल असोज १ गते देखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको छ । साथै, उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु, गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा सूचित गरिन्छ । सहकारी ऐन, २०७४ अनुसार तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा कार्यान्वयन नगरेमा कानुन बमोजिम कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ ।